नेपाल सरकार

# कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(.................................................शाखा)

प.सं. : ०७६/०७७
च.नं. : ९४८

## प्रेस विज्ञप्ति

सिंहदरवार, काठमाण्डौं

संवत् २०७६ साल कार्तिक ४ गतेदेखि ८ गते (तदनुसार २०१९, अक्टुवर २१ देखि २५) सम्म अफ्रिकी मुलुक तान्जानीयाको दार एस सलाममा आयोजित Asian-African Legal Consultative Organization (AALCO) को ५८ औं बार्षिक साधारण सभामा नेपालका तर्फबाट माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री भानु भक्त ढकाल सहित ३ सदस्यीय प्रतिनिधिमण्डलको सहभागिता रहेको छ । बार्षिक साधारण सभाको पहिलो दिन अक्टुवर २१ मा तान्जानीयाका उपराष्ट्रपति सामिया सुलुहु हसनको प्रमुख आतिथ्यता र AALCO का ५७ औं बार्षिक साधारण सभाका अध्यक्ष कोजि हानडाको अध्यक्षतामा उद्घाटन सत्र सम्पन्न भयो । उक्त उद्घाटन सत्रमा उपस्थित सम्पूर्ण अतिथिहरुले वहुपक्षीयवादलाई सुदृढीकरण गर्ने सन्दर्भमा AALCO को भुमिकाको बारेमा उल्लेख गर्नु भएको थियो । साधारणसभाको दोश्रो सत्रले AALCO को आगामी बर्षका लागि डा. अगस्टाइन पिमाहिगालाई अध्यक्षका रुपमा र प्रो. मोहमद सालाल्डोलाई उपाध्यक्षका रुपमा निर्वाचित गरेको छ । सोही सभाले फिलिपिन्सलाई AALCO को सदस्यता समेत प्रदान गरेको छ । फलिपिन्सको AALCO मा प्रवेशसँगै AALCO को सदस्य संख्या ४८ पुगेको छ ।

५८ औं बार्षिक साधारण सभाको दोश्रो दिन आज २०७६ कार्तिक ५ गते (अक्टुवर, २२) नेपालका तर्फबाट माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री भानु भक्त ढकालले उक्त सभालाई सम्बोधन गर्नु भयो । उक्त सम्बोधनका क्रममा माननीय मन्त्रीज्यूले विज्ञान, प्रविधि र अन्तरआवद्धता (inter connectivity) को क्षेत्रमा भएको विकासले एकातर्फ नयाँ अवसरहरुको सिर्जना गरेको छ भने अर्कोतर्फ वातावरण विनास, जलवायु परिवर्तन, अनिश्चित विश्व अर्थतन्त्र, मानव अधिकारको उल्लङ्घन जस्ता समस्याहरुको पनि बृद्धि भइरहेको सन्दर्भ उल्लेख गर्दै यस्ता चुनौतीको सामना गर्न बहुपक्षीयवादको कुनै विकल्प नदेखिएको बताउनु भयो । उहाँले AALCO ले एशियाली र अफ्रीकी सदस्य राष्ट्रको अन्तरसरकारी संस्थाको रुपमा वहुपक्षीयवादलाई सुदृढीकरण गर्न र विश्व शान्ति कायम गर्नका लागि अन्तर्राष्ट्रिय कानूनी व्यवस्था नवीकरण गर्न र साझा चासोका विषयहरुमा साझा वुझाईको विकास गरी व्यवहारमा कार्यान्वयन गर्न प्रभावकारी वकालत गर्नु पर्ने धारणा व्यक्त गर्नु भयो । सोही अवसरमा माननीय मन्त्रीज्यूले महासागर र सामुद्रिक स्रोतहरु मानव जातिको साझा सम्पदा भएकोले महासागरबाट प्राप्त हुने लाभहरु पक्ष राष्ट्रहरुबीच निष्पक्ष र समानरुपमा बाँडफाँड गरिनु पर्दछ भन्ने कुरामा जोड दिँदै महासागर र समुद्री स्रोतहरुको रक्षा गर्न ठोस संयन्त्रको आवश्यकतामा जोड दिनु भयो । यसका लागि BBNJ का सम्बन्धमा कानूनी रुपमा बाध्यकारी दस्तावेज विकास गर्ने सम्बन्धमा भइरहेको वार्तामा AALCO को अहम् भूमिका हुनुपर्ने कुरा उल्लेख गर्नु भयो ।

नयाँ प्रविधिहरुको आविष्कारसँगै साइबरसम्बन्धी अपराधमा पनि वृद्धि भइरहेको सन्दर्भमा साइबर स्पेसमा लागू हुने अन्तर्राष्ट्रिय कानूनका आधारभूत सिद्धान्त स्पष्ट गरिएको non-binding साधारण दस्तावेजले साइबर स्पेस र अन्तर्राष्ट्रिय कानूनका सम्बन्धमा घरेलु कानून र राष्ट्रिय नीति अवलम्वन गर्न दिशानिर्देश गर्नेछ भन्ने कुरामा समेत विश्वास व्यक्त गर्नु भयो ।

AALCO को उक्त ५८ औं वार्षिक साधारण सभामा २४ राष्ट्रहरुका माननीय कानून तथा न्यायमन्त्री, महान्यायाधिवक्ता तथा सदस्य राष्ट्रका उच्चस्तरका अधिकारीहरुको समेत सहभागिता रहेको छ ।

२०७६।७।५

(कमलराज गौतम)
उपसचिव एवं सहायक प्रवक्ता

फोन: ४-२११९८७, ४-२११७८६, ४-२११६३०, ४-२११७४१, ४-२११६३४, ४-२११७०२, ४-२११६३६, ४-२११८७२, ४-२११७२७
फ्याक्स नं.: ४-२११६८४